## प्रस्तावहरु

### कपुरकोट गाउँ कार्यपालिकाको बैठकमा पेश हुने प्रस्तावहरु

| बैठक संख्या | बैठक मिति | प्रस्तावहरु | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| १ | २०७४।३।२० | धन्यवाद ज्ञापन सम्बन्धमा | निर्वाचित गराउने जनता तथा कर्मचारीलाई धन्यवाद दिने । | समय :विहान |
| | | गाउँ , कायर्यपालिका (कार्यसम्पादन) नियमावली,२०७४,गाउँ कायर्यपालिका(कार्य विभाजन)नियमावली,२०७४,गाउँ कायर्यपालिकाको नियम वा आदेश र अधिकारपत्रको प्रमाणीकरण(कार्यविधि) नियमावली,२०७४ पास गर्ने सम्बन्धमा । | गाउँ कार्यपालिकाको प्रमाणिकरण नियमावली,२०७४,कार्यविभाजन नियमावली,२०७४३ र कार्यसम्पादन नियमावली,२०७४ स्वीकृत गर्ने | |
| | | बैठक तथा अन्य भत्ता सम्बन्धमा । | कार्यपालिका,वठा समिति,विभिन्न प्रयोजनको लागि गठन हुने समितिहरुको बैठक भत्ता दर,अनुगमन टोलीको व्यवस्था भत्ता दर स्वीकृत गर्ने | |
| | | अतिरिक्त काम गरेवापत पदाधिकारी तथा कर्मचारीहरुको लागि खाना/खाजा खर्च सम्बन्धमा । | कर्मचारीहरुले कार्यालय समय बाहेक अतिरिक्त समय काम गरे वापतको भत्ता स्वीकृत गर्ने | |

कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
२०७३
कार्यकारी अधिकृत

## प्रस्तावहरु

कपुरकोट गाउँ कार्यपालिकाको बैठकमा पेश हुने प्रस्तावहरु

| बैठक संख्या | बैठक मिति | प्रस्तावहरु | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| २ | २०७४।३।२१ | कपुरकोट गाउँपालिकाको बैठक संचालन कार्यविधि,२०७४ पास गर्ने सम्बन्धमा । | कार्यसम्पादन नियमावली,२०७४ बमोजिम बैठक चालन कार्यविध स्वीकृत गर्ने | समय :विहान |
| | | मन्त्रालयबाट प्राप्त स्थानिय तहको योजना तथा बजेट तर्जुका दिग्दर्शन,२०७४ बमोजिम बजेट निर्माणसंग सम्बन्धीत समितिहरुको पूर्णता दिने सम्बन्धमा । | राजश्व परामर्श समिति,श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति,बजेट तथा कार्यक्रम तजुमा समितिलाई पूर्णता दिई कार्यलाई शिघ्र अगाडि बढाउने । | |
| | | गाउँ कार्यपालिकामा पेशहुने प्रस्तावमा निर्णहुनुपूर्व आवश्यकता अनुसार राय,सल्लाहा सुझाव लिनको लागि गाउँ कार्यपालिका (कार्य सम्पादन)नियमावली,२०७४ को नियम १५ बमाजिम गठन हुने समिति गठन गर्ने सम्बन्धमा । | गाउँ कार्यपालिकामा पेश हुने विषयमा राय,सल्लाह तथा सुझाव पेश गर्ने प्रयोजनको लागि विभिन्न ६ वटा समिति गठन गर्ने । | |
| | | वजेट सिलिङ,वजेट निर्माणका आधार,प्राथमिकता र मार्गदर्शन तथा कार्यतालिका सम्बन्धमा । | आगामी आ.व.को वजेट निर्माणको लागि प्राथमिकता मार्गदर्शन,कार्यतालिका तथा वजेट सिलिङ निर्धारण गर्ने | |

# प्रस्तावहरु

## कपुरकोट गाउँ कार्यपालिकाको बैठकमा पेश हुने प्रस्तावहरु

| बैठक संख्या | बैठक मिति | प्रस्तावहरु | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ३ | २०७४।३।२८ | गाउँसभा संचालन कार्यविधि,२०७४ | गाउँ सभा संचालन र व्यवस्थापनको लागि गाउँ सभा संचालन कार्यविधि,२०७४ पारित गर्ने । | समय :विहान |
| | | गाउँ सभा बस्ने सम्वन्धमा । | कपुरकोट गाउँ पालिकाको प्रथम गाउँ सभा मिति २०७४।३।३० गते बस्ने । | |

कपुरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

कार्यकारी अधिकृत

# प्रस्तावहरु

## कपुरकोट गाउँ कार्यपालिकाको बैठकमा पेश हुने प्रस्तावहरु

| बैठक संख्या | बैठक मिति | प्रस्तावहरु | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ४ | २०७४।३।२९ | बजेट,नीति,कार्यक्रम तथ नीतिगत निर्णय सम्बन्धमा | कपुरकोट गाउँ पालिकाको आ.व.२०७४।७५ को नीति,कार्यक्रम,बजेट तथा नीतिगत निर्णय पारित गर्ने । | समय :विहान |
| | | आर्थिक ऐन,२०७४ र विनियोजन ऐन,२०७४ सम्वन्धमा । | कपुरकोट गाउँ पालिकाको आ.व.२०७४।७५ को जम्मा १६,१५,३३०००। को वार्षिक बजेट पारित गर्ने । | |

कार्यकारी अधिकृत

कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

# प्रस्तावहरु

## कपुरकोट गाउँ कार्यपालिकाको बैठकमा पेश हुने प्रस्तावहरु

| बैठक संख्या | बैठक मिति | प्रस्तावहरु | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ५. | २०७४।४।२६ | कपुरकोट सेवाकेन्द्र परिसरमा सेवाकेन्द्र भवन निर्माण सम्बन्धमा । | किसानका लागि उन्नत विउविजन कार्यक्रम जानकी नगर रुपन्देहीबाट यस जिल्लामा बनाउने पशु सेवा केन्द्र भवन बनाउने कार्यक्रम भएकोले सो भवन यस कार्यालय परिसर भित्र जि.स.स.को नाममा रहेको धनवाङ ३ कि.न.९२ को जग्गामा भवन बनाउन शिफारिस गरि पठाउने । | समय :विहान |
| | | कपुरकोट बजार क्षेत्रको फोहर व्यवस्थापन गर्ने सम्बन्धमा । | कपुरकोट बजारमा उत्पादन हुने फोहर व्यवस्थापनको लागि अध्ययन गरि प्रतिवेदन पेश गर्न एउटा समिति बनाउने | |
| | | कपुरकोट बजार क्षेत्रको सरसफाई तथा शान्ति सुरक्षा सम्बन्धमा । | कपुरकोट बजार क्षेत्रको सरसफाई तथा शान्ति सुरक्षा व्यवस्थापनको लागि सुझाव सल्लाहाको लागि सरोकारवालाहरुको बैठक बसाउने । | |
| | | न्यायिक समिति गठन सम्बन्धमा । | गाउँपालिका भित्र उत्पन्न हुने सानातिना विवादहरुको समाधान गरी न्याया व्यवस्थापन गर्न उपाध्यक्षको संयोजकत्वमा एउटा न्यायिक समिति गठन गर्ने । | |
| | | अध्यक्षको काज सम्बन्धमा । | गाउँ पालिकाका अध्यक्ष श्री भिमवहादुर सेन कामको सिलसिलामा मिति २०७४।४।१० ऐ.१६ गते सम्मको काठमाण्डौ को काज स्वीकृत गर्ने | |
| | | टोल विकास समिति गठन सम्बन्धमा । | आफ्नो टोलमा हुने विकास निर्माण तथा सरसफाई सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन पहिलो चरणमा बजार क्षेत्रमा र क्रमश ग्रामिण क्षेत्रमा टोल विकास समिति गठन गर्न वडाहरुलाई निर्देशन दिने | |
| | | अध्यक्ष उपाध्यक्षज्यूको पि.ए. सम्बन्धमा । | बजेट व्यवस्थाको आधारमा आते जात भाडा र खाजा खर्च वापत सामान्य सुविधा उपलब्ध गराउने गरी अध्यक्ष र उपाध्यक्षज्यूहरुको पि.ए.राख्ने । | |
| | | कपुरकोट कृषि उपज बजार केन्द्र व्यवस्थापन सम्बन्धमा । | कपुरकोट लगायतका बजारकेन्दहरुको प्रभावकारी व्यवस्थापनको लागि अध्ययन गरि प्रतिवेदन पेश गर्न एउटा समिति बनाउने । | |
| | | संवेदना सम्बन्धमा । | वडा नं ६ का सदस्य श्री झक बहादुर महताराका वुवा भुववहादुर महताराको ६७ वर्षको उमेरमा असमायिक निधन भएकोले संवेदना व्यक्त गर्ने । | |

कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३
कार्यकारी अधिकृत

## प्रस्तावहरु

कपुरकोट गाउँ कार्यपालिकाको वैठकमा पेश हुने प्रस्तावहरु

| वैठक संख्या | वैठक मिति | प्रस्तावहरु | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ६ | २०७४।५।१३ | स्कुलको भौतिक निर्माण सम्वन्धमा | जिल्ला शिक्षा कार्यालयवाट चालु आ.व.मा यस गाउँपालिका क्षेत्रभित्र निर्माण हुने विद्यालय ब्लक,शौचालय तथा मर्मतको लागि शिफाशिस गरी पठाउने । | समय :विहान |
| | | यस गाउँपालिका अन्तरगत विभिन्न विषयगत कार्यालयका करार कर्मचारी सम्बन्धमा, | स्वास्थ्य शाखा,पशु सेवा तथा कृषि सेवा अन्तरगत कार्यरत रहेका करारका कर्मचरीहरुलाई करार थप गर्ने सम्वन्धमा निर्णय गर्ने । | |
| | | कपुरकोट बजार क्षेत्रको सरसफाई तथा बजार व्यवस्थापन सम्वन्धमा | यस गाउँ पालिका अन्तरगतका बजारहरुको सरसफाई तथा व्यवस्थापनको लागि समिति गठन तथा संचालन सम्वन्धी मापदण्ड पास गर्ने तथा कपुरकोट बजारको माथि उल्लेखित समिति गठनको लागि मिति २०७४।५।९को भेलाको निर्णय समेतको आधारमा समिति गठन गर्ने । | |
| | | गाउँकार्यपालिकामा रहने शाखा तथा कर्मचारी व्यवस्थापन सम्वन्धमा, | जिल्ला कर्मचारी व्यवस्थापन समितिले काजमा पठाएका कर्मचारीहरुलाई कार्यालय तथा वडाहरुमा व्यवस्थापन गर्ने तथा शाखाहरु निर्धारण गर्ने । | |
| | | गाउँपालिका अन्तरगतका बाटाहरु मर्मत सम्वन्धमा, | वर्षातको कारण यस गाउँ पालिका भित्रका मोटरवाटाहरुको ट्याक खोल्ने सम्वन्धी निणय । | |

कपुरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

कार्यकारी अधिकृत

# प्रस्तावहरु

## कपुरकोट गाउँ कार्यपालिकाको बैठकमा पेश हुने प्रस्तावहरु

बैठक समय :विहान ११:०० बजे

| बैठक संख्या | बैठक मिति | प्रस्तावहरु | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ७ | २०७४।५।२५ | बैंक खाता खोल्ने सम्वन्धमा | अर्थ मन्त्रालयबाट जारी भएको "स्थानीय तहमा बजेट तर्जुमा,कार्यान्वयन,आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका,२०७४"को दफा ५.२ को व्यवस्था अनुसार स्थानीय तहको संचित कोष खाता नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त क वर्गको वाणिज्यबैंकमा मात्रा खोल्नुपर्नेछ,संचित कोष खातामा जम्मा भएको रकम खर्च गर्न छुट्टा छुट्टै चालु र पूजिगत खर्च खाता खोल्नुपर्ने छ भन्ने व्यवस्था अनुसार यस गाउँ पालिकाको संचित कोष खाता,पूजिगत र चालु खर्च खाता,धरौटी खाता,मर्मत संभार विषेश कोष संचालन खाता,वातावरण संरक्षण विषेश कोष संचालन खाता यसै गाउँ पालिकाको वडा नं.३ कपुरकोट बजारमा रहेको कुमारी बैंक कपुरकोट शाखामा खोल्ने र संचित कोष खाता खोलेको जानकारी कोष तथा लेखा नियन्त्रण कार्यालयलाई गराउने साथै वडाहरुको आर्थिक कारोवार संचालन गर्न सबै वडाहरुलाई कुमारी बैंक कपुरकोट शाखामा पूजिगत र चालु खर्च संचालन खाता खोल्न अनुमति दिने। | |
| | | १.विकास योजना/कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि,२०७४,आर्थिक साहायता मापदण्ड,२०७४,भवन नियमन सम्वन्धी मापदण्ड,२०७४,सडक मापदण्ड,२०७४ र सहकारी संघ/संस्था व्यवस्थापन मापदण्ड,२०७४ सम्वन्धमा । | यस गाउँ पालिकाको विकास निर्माण संचालन तथा व्यवस्थापन,भवन निर्माण नियमन,सडक मापदण्ड निर्धारण र सहकारी तथा संघ/संस्थाहरुको व्यवस्थापन तथा नियमन गर्नको लागि विकास योजना/आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि,२०७४,भवन नियमन सम्वन्धी मापदण्ड,२०७४,सडक मापदण्ड,२०७४ र सहकारी संघ/संस्था व्यवस्थापन मापदण्ड,२०७४ स्वीकृत गर्ने । | |
| | | फोहर व्यवस्थापन केन्द्र(Land Fill Site) र कपुरकोट गाउँपालिका क्षेत्रका कृषि उपज बजार केन्द्रको सम्वन्धमा अध्ययन गर्न गठन भएका समितिहरुको निणय शिफारिस अनुसार आवश्यक निर्णय सम्वन्धमा । | कपुरकोट बजारको फोहर व्यवस्थापन र कृषि उपज बजार व्यवस्थापन सम्वन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित समितिले शिफारिस गरे अनुसार ती विषयमा निर्णय लिने । | |
| | | वडा कार्यालय खर्च संचालन सम्वन्धमा । | आर्थिक कारोवारको लेखा राख्ने सम्पूर्ण दायित्व गाउँ कार्यपालिका कार्यालयको भए पनि सहजताको लागि प्रचलित कानुत र विधि अनुसार खर्च गर्ने अधिकारी आँफूले गरेको खर्च स्वयं जिम्मेवार हुनेगरी प्रत्यक वडा कार्यालयलयमा त.भ.वाहेक हाल देहाय अनुसार पेश्की स्वरुप बजेट व्यवस्था गरि निकासा गरिएको छ । नियमानुसार खर्च गर्दा कुनै शिर्षमा बढी रकम आवशयक परेको खण्डमा आवश्यकता हेरी पुन निर्णय गरिने छ ।<br>**तपशिल**<br>बैठक भत्ता : १,३७,०००।,दैनिक भ्रमण भत्ता :४०,०००।,धारा विजुली : ७,०००।,संचार :१८,०००।,कार्यालय संचालन :५०,०००।,अनुगमन खर्च :६०,०००।,इन्धन खर्च : २०,०००।,विविध खर्च :४०,०००। गरी जम्मा रु.३,३७,०००। | कपुरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३ |
| | | विविध खर्च शिर्षकबाट आर्थिक साहायता प्रदान गर्ने प्रयोजनको लागि बजेट विनियोजन गर्ने सम्वन्धमा । | यस गाउँपालिका क्षेत्रका विभिन्न वस्तीहरुमा वेला वेला आउने दैविप्रकोप तथा विपदका घटनावाट नागरिकलाई पर्न गएको क्षेति,यस क्षेत्रका नागरिकहरुलाई सरकारले तोके अनुसार कडा रोग लाग्दा, निजको आर्थिक अवस्था अनुसार कमजोर आर्थिक अवस्था भएकाहरुलाई स्वीकृत मापदण्ड अनुसार न्यूनतम राहात सहयोग उपलब्ध गराउन विविध शिर्षकबाट बजेट विनियोजन गर्ने । | |

कार्यकारी अधिकृत

# प्रस्तावहरु

## कपुरकोट गाउँ कार्यपालिकाको बैठकमा पेश हुने प्रस्तावहरु

बैठक समय :साँझ ६:०० बजे

| बैठक संख्या | बैठक मिति | प्रस्तावहरु | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ८ | २०७४।६।१ | पदाधिकारीको भत्ता सम्वन्धमा । | यस गाउँपालिकाका पदाधिकारीहरुको पारिश्रमिक सम्बन्धमा नेपाल सरकारबाट हाल सम्म कुनै निर्णय नभएको सम्बन्धमा पदाधिकारीहरुको कार्य चाप,दिनुपर्ने समय आदिको आधारमा पछि निर्णय भए बमोमि समायोजन हुने गरी र आगामी गाउँ सभाबाट अनुमोदन गर्ने गरी हाललाई यातायात र खाजा खर्च वापत आन्तरिक श्रोतबाट भुक्तानी गर्न तपशिल बमोजिमको मासिक भत्ता दर तोक्ने ।<br>अध्यक्ष,रु.२५,०००।,उपाध्यक्ष,रु.२०,०००। वडा अध्यक्ष रु.१५०००। | |
| | | कर्मचारुहरुको प्रोत्साहान भत्ता सम्वन्धमा । | गाउँ कार्यपालिकामा र अन्तरगत कार्यरत तपशिलका कर्मचारीहरुको अत्यधिक कार्यचाप,बिदाको दिन तथा अन्य दिन पनि साँझ बिहान कार्यक्षेत्रमा खटीनुपर्ने, थोरै जनशक्तिबाट तोकिएको जिम्मेवारी र विकास निर्माणको लक्ष्य हासिल गनुपर्ने,गाउँ कार्यपालिका भित्र विभिन्न काममा काजमा खटिदा दैनिक भ्रमण भत्ता पनि नपाउने अवस्था भएकोले कर्मचारीहरुको प्रोत्साहनको लागि सुरु तलबको २५ प्रतिशत भन्दा बढी नहुनेगरी मासिक प्रोतसाहन भत्ता दिने ।<br>भत्ता पाउने कर्मचारी<br>गाउँ कार्यपालिकाको कार्यालयमा काम गर्ने सबै कर्मचारी र वडा सचिव | |

कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान
२०७३

रेवन्त बहादुर डाँगी
कार्यकारी अधिकृत

# प्रस्तावहरु

## कपुरकोट गाउँ कार्यपालिकाको बैठकमा पेश हुने प्रस्तावहरु

बैठक समय :बिहान ११:०० बजे

| बैठक संख्या | बैठक मिति | प्रस्तावहरु | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ९ | २०७४।६।६ | बाटाहरु मर्मत सम्वन्धमा | यस गाउँपालिका भित्रका तपशिलका बिभिन्न मोटर बाटाहरु वर्षाको पानिले गर्दा बिग्रेर यातायात आवागमन अवरुद्ध भएका र चावबाड पनि नजिकै आएको सन्दर्भमा ती बाटाहरु मर्मत गरी सुचारु गर्नुपर्ने भएको हुदा टाइम बेसिसको आधारमा खर्च लेख्नेगरी तत्काल काम गर्ने र बिबिध खर्च शिर्षकबाट बजेट निकासा गर खर्च लेख्ने । | |
| | | स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको तलब सम्वन्धमा | कपुरकोट गाउँ स्वास्थ्य शाखाको च.न.९ मिति २०७४।६।४ गतेको पत्रानुसार यस गाउँपालिका क्षेत्रका बिभिन्न स्वास्थ्य चोकीहरुमा साबिकमा गा.वि.स.बाट तलब खर्चु लेख्ने गरी राखिएका बिभिन्न पदमा कार्यरत तपशिलका कर्मचारीहरुको तलब व्यवस्थाको लागि माग भई आएको सन्दर्भमा कति कति र कुन कुन तहका कर्मचारी आवश्यक पर्नेहुन वा आवश्यक नपर्ने हुन सो सम्वन्धमा स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको विषयमा अध्ययन गरी आगामी पौषमा बस्ने गाउँ सभामामा प्रतिवेदन पेश गर्नको लागि कार्यकारी अधिकृतको संयोजकत्वमा कपुरकोट स्वास्थ्य शाखाका संयाजक सदस्य र लेखापाल सदस्य सचिव रहेको कार्यदल गठन गर्ने र हाल कार्यरत रहेका कर्मचारीहरुलाई निजहरुले यस अघि(२०७४ आषाढ मसान्तमा) खाइपाई आएको तलब भत्ता स्वास्थ्य व्यवस्थापन शिर्षकमा बिनियोजनबाट खर्च लेख्ने । | |
| | | खानेपानी तथा सरसफाई समिति गठान सम्वन्धमा । | कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री भिमबहादुर सेनको अध्यक्षतामा उपाध्यक्ष श्री तीला बुढामगर उपाध्यक्ष र सबै वडा अध्यक्षहरु सदस्य तथा कपुरकोट गाउँपालिका क्षेत्रमा खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्ने संस्था सदस्य रहने गाउँपालिका स्तरिय खानेपानी तथा सरसफाई समिति र वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा सबै वडा सदस्यहरु सदस्य र वडा स्तरमा खानेपानी तथा सरसफाईको क्षेत्रमा काम गर्ने संस्था सदस्य रहनेगरी वडा स्तरिय खानेपानी तथा सरसफाई समिति गठन गर्ने । | |

कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान
२०७३

रेगन्त ... 
कार्यकारी अधिकृत